# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission, Nepal**

**केन्द्रिय कार्यालय Central Office**

**हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal**


## आप्रवासी कामदारहरुको अधिकार संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन सम्बन्धमा माननीय अध्यक्ष श्री अनूप राज शर्माले दिनु भएको शुभारम्भ मन्तव्य

**२०७६/०४/०५**

आप्रवासी कामदारहरुको अधिकार संरक्षण र विषय अहिले संसारकै चासो र महत्वको विषय बनेको छ । नेपाल तथा दक्षिण एसियाबाट लाखौं कामदारहरु खाडी मुलुक लगायत अन्य मुलुकमा काम गर्न गइरहेको सन्दर्भमा आप्रवासी कामदारहरूको स्वच्छ र जवाफदेही भर्ना प्रकृया, कामदारहरुको सुरक्षा, परिवारहरुको अधिकार तथा न्यायमा पहुँच जस्ता विषयहरु अझ महत्वपूर्ण र संवेदनशील भएका छन् ।

राष्ट्रिय मानव अधिकार आयोगले आगामी नोभेम्बर १२-१४, २०१९(कार्तिक २६-२८,२०७६) मा काठमाडौंमा **International Conference on Protection of Rights of the Migrant Workers (आप्रवासी कामदारहरुको मानव अधिकार संरक्षण बिषयक) अन्तर्राष्ट्रिय सम्मेलन** गर्न लागेको जानकारी गराउँदछु । आयोगले यस अघि सन् २०१२, नोभेम्बर २६-२७ मा समेत आप्रवासी कामदारहरुको अधिकार सम्बन्धी बिषयमा काठमाडौंमा अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न गरेको थियो ।

आप्रवासी कामदारहरुको अधिकार संरक्षणमा खास गरी एसिया प्रशान्त क्षेत्रका उत्पती मुलुक, बाटामा पर्ने मुलुकहरु र गन्तव्य मुलुकहरुमा देखिएका चुनौतीहरु, स्वच्छ र जिम्मेवार भर्ना प्रक्रिया, अनियमित आप्रवासनलाई सम्बोधन गर्ने साझा सवाल, न्यायमा पहुँचको सुनिश्चितताका संभावना तथा प्रयासहरु, अन्तरदेशीय आयोग, अन्तरदेशीय गैरसरकारी संस्थाहरुबीच सौहार्द संवाद, सहकार्य र सूचना आदान प्रदानका सम्भावनाहरु तथा समस्या समाधानको विषयमा रचनात्मक प्रयास तथा योगदानहरुको बिषयमा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रित रहने छ ।

तीन दिनसम्म संचालन हुने उक्त सम्मेलनको सत्रहरुमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञहरुबाट कार्यपत्र प्रस्तुत गरिने, आमन्त्रित व्यक्तित्वहरु बीच गहन छलफल गरिने छ । सम्मेलनमा प्रस्तुत हुने बिषयहरुमा यस क्षेत्रमा लामो अनुभव प्राप्त अन्य विशेषज्ञहरु, प्राध्यापकहरु, राष्ट्रिय मानव अधिकार संस्थाहरुका प्रमूखहरु लगायतबाट प्यानल मार्फत बृहत छलफल गरिने कार्यक्रमहरु रहेको छ ।

विषयवस्तुमाथि तीन दिनको गहल छलफल, टिप्पणी र सबै सरोकारवालाहरुबाट यस विषयमा गरिने प्रतिवद्धता, चुनौती र समस्या समाधानको उपायहरु समेत संलग्न गरी काठमाडौं घोषणा पत्र जारी गरिने छ । जारी गरिएको उक्त घोषणापत्रलाई कार्यान्वयनको लागि कार्ययोजनाको निर्माण गर्ने योजना रहेको छ ।

सम्मेलनको तयारीको लागि आयोगका सदस्य श्री सुदिप पाठकको संयोजकत्वमा एक समिति गठन गरी जिम्मेवारी दिईएको छ । साथै यस कार्यमा आयोगका वरिष्ठ अधिकृत, विषय विज्ञ र कर्मचारीहरु सम्मिलित अन्य समितिहरु मार्फत कार्यहरु शुरु भईसकेको छ । सम्मेलनमा अन्तर्राष्ट्रिय प्रतिनिधिहरुको सहभागिता सुनिश्चित गर्न पत्राचार समेत शुरु भईसकेको अवस्था छ ।

सम्मेलनमा ३० देशका २४ राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्षहरु, सदस्यहरु, अन्तर्राष्ट्रिय विज्ञहरु, सरकारका प्रतिनिधिहरु, नागरिक समाजका प्रतिनिधिहरु साथै आप्रवासी कामदारहरुको मानव अधिकार संरक्षणमा कार्यरत अन्तर्राष्ट्रिय संस्थाहरु, राष्ट्रिय मानव अधिकार संस्थाहरुको विश्व सञ्जाल (Global Alliance of National Human Rights Institution-GANHRI), राष्ट्रिय मानव अधिकार संस्थाहरुको एशिया प्रशान्त मञ्च (Asia Pacific Forum of National Human Rights Institution-APF), UNDP, EU, ILO, IOM का प्रतिनिधिहरु सहित ९० जना अन्तर्राष्ट्रिय प्रतिनिधिहरुको सहभागिता रहने अपेक्षा गरिएको छ । राष्ट्रिय स्तरमा नेपाल सरकारका प्रतिनिधिहरु, विज्ञहरु, आप्रवासी कामदार क्षेत्रमा कार्यरत संघसंस्थाका प्रतिनिधिहरु, आयोगका पदाधिकारीहरु, कर्मचारीहरु सहित ३५ जनाको सहभागीता रहने कार्यक्रम रहेको छ । यस सम्मेलनलाई सफलतापूर्वक सम्पन्न गर्न आवश्यक सहयोग पुर्‍याउन नेपाल सरकार लगायत सम्बन्धित सवैलाई आयोगको तर्फबाट आग्रह गर्दछु ।

धन्यवाद ।


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org